राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक १३ २०८३ साउन १६ गते शनिवार (1 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## तराई-मधेशमा १५ उच्च प्रहरी अधिकृत परिचालन



दैनिक समाचारदाता

काठमाडौं, १५ साउन । तराई(मधेशका विभिन्न जिल्लामा विकसित पछिल्लो सुरक्षा अवस्थालाई मध्यनजर गर्दै नेपाल प्रहरीले एआईजी, डीआईजी र एसएसपीसहित १५ जना उच्च प्रहरी अधिकृतलाई परिचालन गरेको छ।

प्रहरी प्रधान कार्यालयका प्रवक्ता तथा डीआईजी अबि नारायण काफ्लेका अनुसार सुनसरीको देवानगञ्ज गाउँपालिका(३ कप्तानगञ्जमा साउन १० गते भएको घटनापछि उत्पन्न सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै उच्च तहका प्रहरी अधिकृतलाई तराई(मधेशका विभिन्न जिल्लामा खटाइएको हो।

कप्तानगञ्जमा दुई समुदायबीच भएको विवाद नियन्त्रण गर्ने क्रममा प्रहरीले चलाएको गोली लागेर एक जनाको मृत्यु भएपछि मोरङ, सुनसरी, सिरहा, धनुषा लगायतका जिल्लामा तनाव फैलिएको थियो। घटनापछि आगजनी, तोडफोड, प्रदर्शन तथा कर्फ्युका घटनासमेत भएका छन् भने केही स्थानमा नेपाली सेनासमेत परिचालन गरिएको छ। हालसम्म यस घटनाक्रममा तीन जनाको ज्यान गएको छ।

प्रहरीका अनुसार परिचालित उच्च अधिकृतहरूले स्रोत(साधनको प्रभावकारी परिचालन, सुरक्षा अवस्थाको मूल्याङ्कन, नीति निर्देशन, सुरक्षा कार्ययोजना कार्यान्वयन, सूचना संकलन तथा विश्लेषणका साथै आवश्यकताअनुसार फिल्डमै खटिएर सुरक्षा व्यवस्थापनमा सहजीकरण गर्नेछन्। उनीहरूले सम्बन्धित प्रदेश तथा जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरेर काम गर्ने जनाइएको छ।

यी अधिकृतहरू यसरी खटाइएका छन् :

एआईजी सिद्धिविक्रम शाह - बाँके
एआईजी हिमालयकुमार श्रेष्ठ - मधेश प्रदेश
एआईजी उमाप्रसाद चतुर्वेदी - कपिलवस्तु
एआईजी ईश्वर कार्की - कोशी प्रदेश तथा सुनसरी
डीआईजी दिनेशकुमार आचार्य - सिरहा
डीआईजी अबि नारायण काफ्ले - सप्तरी
एसएसपी गोपालचन्द्र भट्टराई - सर्लाही
एसएसपी सोमेन्द्रसिंह राठौर - पर्सा
एसएसपी दीपशम्शेर जबरा - रौतहट
एसएसपी नवराज अधिकारी - चितवन
एसएसपी कृष्णप्रसाद पंगेनी - महोत्तरी
एसएसपी होबिन्द्र बोगटी - बारा
एसएसपी ज्ञानेन्द्रप्रसाद फुयाँल - मोरङ
एसएसपी भुवनेश्वर तिवारी - धनुषा

प्रहरी प्रधान कार्यालयले आवश्यकताअनुसार थप जनशक्ति र स्रोत(साधन परिचालन गरी संवेदनशील क्षेत्रमा शान्ति(सुरक्षा कायम राख्न विशेष निगरानी बढाइएको जनाएको छ।

# मधेशी दलसँग प्रधानमन्त्रीको छलफल संघीयता बलियो बनाउने प्रतिबद्धता

दैनिक समाचारदाता

काठमाडौं, १५ साउन । प्रधानमन्त्री बालेन्द्र शाहले आफूलाई संघीयताविरोधीका रूपमा नबुझ्न मधेशकेन्द्रित दलका नेताहरूसँग आग्रह गरेका छन्। उनले संघीयता सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै प्रदेशलाई थप अधिकार सम्पन्न बनाउने पक्षमा आफू रहेको स्पष्ट पारे ।



सुनसरीको देवानगञ्ज घटनालगायत समसामयिक विषयमा शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलका क्रममा प्रधानमन्त्री शाहले संघीयता र प्रदेशको भूमिकाबारे आफ्नो धारणा राखेका हुन्।

छलफलमा मधेशकेन्द्रित दलका नेताहरूले प्रदेश सरकारलाई पर्याप्त अधिकार नदिइएको, विशेषगरी सुरक्षा व्यवस्थाजस्ता विषय प्रदेशको अधिकार क्षेत्रबाहिर रहँदा यस्ता घटना नियन्त्रण गर्न कठिनाइ भएको धारणा राखेका थिए।

बैठकपछि राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै भने, "मलाई संघीयताविरोधी ठान्ने कुरा सपनामा पनि नसोच्नुहोस्। हाम्रो उद्देश्य संघीयतालाई अझ बलियो बनाउनु हो। संरचनामा सुधार आवश्यक छ, संघीयता कमजोर बनाउने होइन।"

महतोका अनुसार प्रधानमन्त्रीले आफ्नो नेतृत्वका कारण संघीयतामा कुनै खतरा नहुने विश्वास दिलाउँदै प्रदेशलाई थप सक्षम बनाउने प्रतिबद्धता जनाएका छन्। साथै, हालसम्म भएका सबै सहमति र सम्झौताहरू कार्यान्वयन गर्ने तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिने गरी सरकार गम्भीर रहेको पनि बताएका छन्।

जनमत पार्टीका अध्यक्ष सिके राउतले पनि प्रदेश सरकारको अधिकार विस्तार आवश्यक रहेकोमा जोड दिएको बताए। उनका अनुसार बैठकमा सरकारलाई असफल बनाउने नभई संघीय शासन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने सुझाव दिइएको थियो।

राउतले भने, "हामी सरकारलाई असफल बनाउन चाहँदैनौं। सरकार दुर्घटनामा नपरोस् भन्ने हाम्रो चाहना हो। संघीयतालाई बलियो बनाउन प्रदेश प्रहरीको व्यवस्था आवश्यक छ। प्रदेश प्रहरी भएको भए स्थानीय भाषा, संस्कृति र परिस्थिति बुझेर यस्ता घटनाको प्रभावकारी व्यवस्थापन गर्न सकिन्थ्यो।"

उनले नेपाली सेनामा मधेशी समुदायको सामूहिक प्रवेशका लागि विशेष अवसर सिर्जना गर्नुपर्ने विषयमा पनि सरकारको ध्यानाकर्षण गराइएको जानकारी दिए ।

## मधेशमा आन्दोलनको प्रभाव : कर्फ्यु, बन्द र कडा सुरक्षा

दैनिक समाचारदाता

जनकपुरधाम, १५ साउन । सुनसरीको देवानगञ्जमा भएको घटनापछि मधेश प्रदेशका अधिकांश जिल्लामा बन्द, प्रदर्शन र सुरक्षा सतर्कता बढाइएपछि जनजीवन प्रभावित बनेको छ । विशेषगरी धनुषा र सिरहामा लगातार दोस्रो दिन कर्फ्यु जारी रहँदा सर्वसाधारणको दैनिकी प्रभावित भएको छ ।



धनुषा र सिरहामा बिहीबारदेखि लागू गरिएको कर्फ्यु शुक्रबार पनि यथावत् राखिएको छ । सम्भावित अप्रिय घटना रोक्न सुरक्षा व्यवस्था थप कडा पारिएको छ । यी जिल्लामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त परिचालन गर्दै संवेदनशील क्षेत्रमा निगरानी बढाइएको छ ।

यता महोत्तरी, सर्लाही र रौतहटमा विभिन्न समूहले विरोध प्रदर्शन तथा जुलुस निकालेका छन् । महोत्तरीका अधिकांश बजार बन्द गरिएका छन् भने सर्लाहीमा पनि युवाहरूले प्रदर्शन गरेका छन् ।

बन्द र कर्फ्युका कारण सडकहरू सुनसान बनेका छन् । बजार, व्यापार, सार्वजनिक यातायात र अन्य दैनिक गतिविधि प्रभावित हुँदा दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने वर्ग सबैभन्दा बढी मारमा परेको छ ।


जनकपुरधामका प्रमुख चोक तथा संवेदनशील क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई व्यापक रूपमा परिचालन गरिएको छ। कर्फ्यु लागू भएका क्षेत्रमा सर्वसाधारणको आवतजावतमा समेत कडाइ गरिएको छ ।

यसैबीच, यात्रुको सुरक्षालाई ध्यानमा राख्दै जयनगर(जनकपुर(भङ्गाहा रेल सेवा कर्फ्यु आदेश कायम रहुन्जेलका लागि स्थगित गरिएको छ। नेपाल रेल्वे कम्पनीका निमित्त प्रशासन प्रमुख अजयकुमार सिंहद्वारा जारी सूचनामा कर्फ्यु अवधि समाप्त नभएसम्म रेल सञ्चालन नहुने उल्लेख गरिएको छ ।


प्रशासनले नागरिकलाई अफवाहमा विश्वास नगर्न, अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन तथा शान्ति, सामाजिक सद्भाव र कानुनको पालना गर्न आग्रह गरेको छ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# ‘जन नायकन’ को सात दिनमै १४७ करोडभन्दा बढी कमाइ




मुम्बई। दक्षिण भारतीय सुपरस्टार थलापति विजय अभिनित फिल्म ‘जन नायकन’ ले प्रदर्शनको पहिलो सातामै बक्स अफिसमा उत्कृष्ट व्यापार गर्दै १४७.६८ करोड भारतीय रुपैयाँको नेट कलेक्सन गरेको छ।

गत साता रिलिज भएको फिल्मले पहिलो दिन ४२.७० करोड रुपैयाँको दमदार ओपनिङ गर्दै १०० करोड क्लबमा सहजै प्रवेश गरेको थियो। दोस्रो दिन कमाइ केही घटेर २१.१५ करोड रुपैयाँमा सीमित भए पनि सप्ताहान्तमा फिल्मले पुनः लय समात्यो।

तेस्रो दिन शनिबार २८.९० करोड र चौथो दिन आइतबार ३२ करोड रुपैयाँ कमाउँदै फिल्मले बक्स अफिसमा आफ्नो बलियो पकड कायम राख्यो।

त्यसपछि पाँचौं दिन सोमबार १०.६५ करोड, छैटौं दिन मंगलबार ८ करोड र सातौं दिन बुधबार ४.२८ करोड रुपैयाँ कमाएको छ।

सात दिनको अवधिमा फिल्मले १४७.६८ करोड भारतीय रुपैयाँ नेट कलेक्सन गर्दै यस वर्षका सफल भारतीय फिल्ममध्ये एक बन्ने संकेत दिएको छ। फिल्मको प्रदर्शन अझै बलियो रहेकाले आगामी दिनमा यसको कमाइ थप बढ्ने अपेक्षा गरिएको छ।

# ‘आचार्य’को फर्स्टलुक सार्वजनिक, असोज ९ मा प्रदर्शन



काठमाडौं। अभिनेता तथा निर्देशक निखिल उप्रेती अभिनित तथा निर्देशित नयाँ फिल्म ‘आचार्य’ आगामी असोज ९ गतेदेखि देशभर प्रदर्शनमा आउने भएको छ। प्रदर्शन मिति घोषणा गर्दै निर्माण पक्षले फिल्मको फर्स्टलुक पोस्टर र भिडियो सार्वजनिक गरेको छ। सार्वजनिक पोस्टर र भिडियोमा निखिल उप्रेतीलाई शक्तिशाली, रहस्यमय र फरक शैलीमा प्रस्तुत गरिएको छ। खुला शरीर, हातमा विशाल चिल बोकेको र आधुनिक भर्चुअल रियालिटी (भीआर) हेडसेट लगाएको उनको अवतारले दर्शकमाझ कौतुहल सिर्जना गरेको छ। प्राकृतिक पहाडी पृष्ठभूमिमा तयार पारिएको पोस्टरले फिल्ममा एक्सनसँगै अध्यात्मको विषयवस्तु समेटिएको संकेत गर्छ। निखिल उप्रेती प्रोडक्सन प्रालिको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता कृष्ण भट्टराई हुन्। फिल्मको कथा तथा पटकथा निखिल उप्रेती, मनोज विश्वकर्मा, नवराज कृष्ण थापा र सौरभ लामाले संयुक्त रूपमा तयार पारेका छन्।

‘आचार्य’ निखिल उप्रेतीले निर्देशन गरेको दोस्रो फिल्म हो। यसअघि उनले ‘भैरव’ निर्देशन गरेका थिए।

# फिल्मको हिरो बन्दै कमेडियन प्रभात



काठमाडौं। पछिल्लो समय कमेडियन एकपछि अर्को गर्दै फिल्म डेब्यु गर्ने क्रम बढ्न थालेको छ। यस्तैमा चर्चित कमेडियन प्रभात लामा पनि फिल्मको हिरो बन्ने भएका छन्। प्रभात फिल्म ‘तीन तिघ्रे क्या बिग्रे’ बाट हिरोको रूपमा देखिने भएका हुन्।

फिल्मको मुख्य भूमिकामा उनी हालै अनुबन्धित भएका हुन्। फिल्म अभिनयलाई लिएर प्रभात उत्साहित रहेका छन्। रघुजी फिल्मस्को ब्यानरमा निर्माण हुने फिल्म ‘तीन तिघ्रे क्या बिग्रे’ केही अगाडि सूर्यविनायक गणेश मन्दिरमा स्क्रिप्ट पूजा गर्दै निर्माणको घोषणा गरिएको हो। अमरदीप सापकोटाको लेखन एवं निर्देशन रहने फिल्म असार महिनाको अन्तिमबाट छायाङ्कनमा जानेछ।

फिल्ममा चर्चित गायक पशुपति शर्मा र गायिका अन्जु पन्तकी छोरी परितोषिका पन्त समेत मुख्य भूमिकाको लागि फाइनल भएकी छन्। यी दुवै कमेडी जनरामा निर्माण हुने यस फिल्म पूर्ण मनोरञ्जनात्मक प्याकेजका रूपमा दर्शकमाझ प्रस्तुत हुने निर्देशक सापकोटाले बताए।

निर्माता रघुनाथ सापकोटा रहेको फिल्म नेपाल वितरणको जिम्मेवारी आरआर फिल्मस्ले लिएको छ।

## बालगीत

अकरम-बकरम पों पों पों
मोवाइल नै दैए भों भों भों
अपना रहे मोवाइलेमे
खाली टिक-टक स्टाइलेमे
हमरा मङने बक-झों झों झों
मोवाइल नै दैए भों भों भों
भागो रहै ने परीके खिस्सा
मुँह टेढ क बने मुँहदुस्सा
हम जे कहबै त खों खों खों
मोवाइल नै दैए भों भों भों
आबेदही पप्पाके पहिने
रहबौ नै हम बिन सब कहने
तब बुझियही जो जो जो
मोवाइल नै दैए भों भों भों
दे न कनियें काल ला हमरो
सब कहल हम तोहर करबौ
दुलरी मम्मी छे तों तों तों
मोवाइल नै दैए भों भों भों


अशोक दत्त

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।
वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।
मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।
कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।
सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।
कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।
तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।
वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।
धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।
मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।
कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।
मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सिरहा र धनुषामा कर्फ्यु र महोत्तरीमा बन्द गरिएको अवस्थाका केही तस्वीरहर













**विराटनगरमा सद्भाव र्‍याली** : कोशी र मधेश प्रदेशका तराई जिल्लामा फैलिएको अशान्ति बढ्न नदिन कोशी प्रदेशको राजधानी विराटनगरमा सामाजिक सद्भाव र्‍याली निकालिएको छ ।शुक्रबार विराटनगरस्थित नागरिक समाज, हिन्दु तथा मुस्लिम धार्मिक अगुवा, स्थानीय पेसा-व्यवसायी, मजदुरहरूको सहभागितामा र्‍याली निकालिएको हो । र्‍यालीमा धार्मिक सहिष्णुता, देशभक्ति, भ्रातृभाव झल्काउने किसिमको नारा पनि लगाइएका थिए ।

# जनकपुरधाममा दोस्रो दिन पनि कर्फ्यु, सुरक्षा व्यवस्था कडा

दैनिक समाचारदाता
जनकपुरधाम, १५ साउन । सुनसरीको देवानगञ्ज र सिरहाको गोलबजारमा भएका घटनापछि मधेशका विभिन्न जिल्लामा सुरक्षा सतर्कता बढाइएको छ। धनुषामा दोस्रो दिन पनि अनिश्चितकालीन कर्फ्यु जारी रहँदा महोत्तरीमा बन्द र प्रदर्शनका कारण जनजीवन प्रभावित बनेको छ ।


धनुषाको सुरक्षा अवस्था संवेदनशील बनेपछि जिल्ला प्रशासन कार्यालयले बिहीबारदेखि जारी गरेको अनिश्चितकालीन कर्फ्यु शुक्रबार पनि निरन्तर राखेको छ । सम्भावित अप्रिय घटना रोक्न, शान्ति(सुरक्षा कायम गर्न तथा सामाजिक सद्भाव जोगाउन कर्फ्युलाई निरन्तरता दिइएको प्रशासनले जनाएको छ।

प्रशासनका अनुसार बिहीबार दिउँसो ३:३० बजेदेखि लागू गरिएको कर्फ्यु आदेश यथावत् रहेको छ। कर्फ्यु लागू भएका क्षेत्रमा सर्वसाधारणको आवतजावत, जुलुस, प्रदर्शन, सभा(सम्मेलन तथा समूहमा भेला हुन पूर्ण प्रतिबन्ध लगाइएको छ। आदेश उल्लंघन गर्नेलाई प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

कर्फ्यु लक्ष्मीनिया हाटबजार चोकदेखि सिनुरजोडा चोक हुँदै लक्ष्मीपुर बगेवासम्म, बेलौनी रोडस्थित एमक्यू स्टिल क्षेत्रदेखि हुलाकी सडक तथा राष्ट्रिय प्राथमिक विद्यालय आसपास, नगराइन नगरपालिका क्षेत्रदेखि नगराइन चोकसम्म तथा सिनुरजोडा(सोहनी(मनिमण्डप( नेपाल नर्सरी(इस्कोन जनकपुरधाम(दुधमती पुल(बेला( कादरी मस्जिद क्षेत्रसम्म लागू गरिएको प्रशासनले जनाएको छ।

कर्फ्युका कारण जनकपुरधाम र आसपासका क्षेत्रमा बजार, यातायात तथा दैनिक गतिविधि ठप्पजस्तै बनेका छन्। सुरक्षा निकायले प्रभावित क्षेत्रमा गस्ती र निगरानी बढाएको छ। प्रशासनले अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन, अफवाहमा विश्वास नगर्न र संयमता अपनाउन सबैसँग आग्रह गरेको छ।

# देवेनगञ्ज घटनामा सरकार र पीडित परिवारबीच ६ बुँदे सहमति



दैनिक समाचारदाता
जनकपुरधाम, १५ साउन । सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा भएको घटनामा मृत्यु भएका दुई युवाका परिवार र गृह मन्त्रालयबीच ६ बुँदे सहमति भएको छ ।

गत साउन १० गते भएको दुःखद घटनामा मृत्यु भएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताका अभिभावक तथा गृह मन्त्रालयबीच सहमति भएको हो । सहमतिअनुसार मृतकलाई नेपाल सरकारबाट सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाइने र मृतकका परिवारलाई सरकारका तर्फबाट जनही १० लाख रुपैयाँ राहत उपलब्ध गराइने भएको छ ।

सहमतिपत्रमा साउन १० गते राति देवानगञ्ज-३, कप्तानगञ्जमा भएको घटनाको निष्पक्ष तथा प्रभावकारी छानबिन गरी दोषीमाथि प्रचलित कानुनबमोजिम आवश्यक कारबाही प्रक्रिया तत्काल अघि बढाउने उल्लेख छ ।

त्यस्तै, देवानगञ्ज गाउँपालिका-३ स्थित मदरसाको कानुनी हैसियत तथा सम्बन्धित विषयमा आवश्यक छानबिन तत्काल प्रारम्भ गर्ने सहमति भएको छ ।

मृतकका परिवारका एक-एक जना योग्य सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराउने पनि सहमति भएको छ । घटनाबारे अध्ययन गर्न गठित छानबिन समितिले पेस गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिस प्रचलित कानुनबमोजिम यथाशीघ्र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाउने सहमतिमा उल्लेख छ ।

यसैगरी, मृतकद्वयको सम्झनामा देवानगञ्ज गाउँपालिकाको उपयुक्त क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा स्मृति पार्क निर्माण गर्ने सहमति भएको छ ।

सहमति पत्रमा मृतक ओमप्रकाश मेहता र जयप्रकाश मेहताका अभिभावकका तर्फबाट हस्ताक्षर गरिएको छ भने सरकारका तर्फबाट गृहमन्त्री सुमन गुरुङले हस्ताक्षर गरेका छन् ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# सुनसरी घटनाको विरोध फैलियो महोत्तरी बन्द, विराटनगरमा प्रदर्शन

दैनिक समाचारदाता
काठमाडौं, १५ साउन । सुनसरीको देवानगञ्ज र सिरहाको गोलबजारमा भएका घटनाको विरोध देशका विभिन्न स्थानमा फैलिएको छ। शुक्रबार महोत्तरीको जलेश्वर र गौशाला तथा कोशी प्रदेशको राजधानी विराटनगरमा बन्द र प्रदर्शन गरिँदा जनजीवन प्रभावित बनेको छ।

महोत्तरीको सदरमुकाम जलेश्वरमा प्रदर्शनकारीहरूले विभिन्न चोकमा टायर बालेर विरोध जनाउँदै बजार, व्यवसाय र यातायात पूर्ण रूपमा बन्द गराएका छन्। बन्दका कारण बजार क्षेत्र सुनसान बनेको छ भने सर्वसाधारणको आवतजावत पनि न्यून देखिएको छ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र गौशालामा पनि हिन्दुवादी संघ(संगठनका अगुवाहरूले विरोध प्रदर्शन गर्दै बजार बन्द गराएका छन्।

महोत्तरी प्रहरीका प्रवक्ता एवं डिएसपी पञ्चलाल गोलेका अनुसार जिल्लाका केही स्थानमा छिटफुट प्रदर्शन भए पनि समग्र सुरक्षा अवस्था सामान्य रहेको





छ। सम्भावित अप्रिय घटनालाई ध्यानमा राख्दै जिल्लाभर सुरक्षा व्यवस्था थप कडा पारिएको उनले जानकारी दिए।

यसैबीच, जिल्ला प्रशासन कार्यालय महोत्तरीले शान्ति, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र आपसी भाइचारा कायम राख्न सबै जिल्लावासीसँग अपिल गरेको छ। प्रशासनले अफवाह, बाह्य प्रभाव वा उत्तेजनात्मक गतिविधिबाट प्रभावित नहुन तथा संयमित र जिम्मेवार व्यवहार गर्दै कानुनको पालना गर्न आग्रह गरेको छ।

यता, सुनसरीको देवानगञ्ज गाउँपालिका(३ कप्तानगञ्जमा गत आइतबार दुई समूहबीच भएको झडप नियन्त्रण गर्ने क्रममा प्रहरीले चलाएको गोली लागेर दुई जनाको मृत्यु भएको घटनाको विरोधमा विराटनगरमा पनि प्रदर्शन भएको छ।

सरकार र पीडित पक्षबीच शुक्रबार बिहान सहमति भएपछि मृतकहरूको अन्त्येष्टि गर्ने तयारी भइरहेका बेला पनि विराटनगरमा प्रदर्शन जारी रहेको छ। प्रदर्शनकारीहरूले विभिन्न स्थानमा टायर बालेका छन् भने बजार(पसल बन्द र यातायात सेवा अवरुद्ध भएको छ।

यसअघि बिहीबार विराटनगरमा बसेको सर्वपक्षीय बैठकले शुक्रबार दिउँसो ३ बजे सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले सद्भाव र्‍याली आयोजना गर्ने निर्णय गरेको थियो। तर, केही पक्षले घटनाको संवेदनशीलतालाई मध्यनजर गर्दै तत्काल र्‍याली निकाल्नु उपयुक्त नहुने भन्दै त्यसको विरोध गरेका छन्।

# 'आगो जसले लगाए पनि निभाउने जिम्मा कांग्रेसको हो' : गगन थापा



दैनिक समाचारदाता
काठमाडौं, १५ साउन। नेपाली कांग्रेसका सभापति गगन थापाले कोशी र मधेश प्रदेशमा उत्पन्न तनाव र असहज परिस्थितिलाई शान्त बनाउन कांग्रेसले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने बताएका छन्। उनले आगो जसले लगाएको भए पनि त्यसलाई निभाउने दायित्व कांग्रेसको भएको उल्लेख गरे। शुक्रबार पार्टीका तर्फबाट निर्वाचित कोशी र मधेश प्रदेशसभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधिसँग भर्चुअल छलफल गर्दै सभापति थापाले कांग्रेस मुलुकको प्रमुख राजनीतिक शक्ति भएकाले संकटका बेला अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बताए।

“हामी मुख्य शक्ति हौं, हामी अभिभावक हौं, हामी जिम्मेवार हौं। आगो जसले लगाएको भए पनि निभाउने काम हाम्रो हो,“ उनले भने।

थापाले जनप्रतिनिधिहरूलाई सामाजिक सद्भाव, सहिष्णुता र संयम कायम राख्दै जिम्मेवारीपूर्ण ढंगले काम गर्न निर्देशन दिए। “हामीसँग सम्हाल्ने शक्ति छ। त्यसैले समाजमा सहिष्णुता कायम रहने गरी आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्छ,“ उनले जोड दिए।

सभापति थापाले सामाजिक सञ्जालमा आउने अपुष्ट सूचना र सामग्रीका आधारमा धारणा बनाउन वा सार्वजनिक टिप्पणी गर्न नहुने भन्दै सचेतसमेत गराए। “जे आयो, त्यही पत्याएर तुरुन्त प्रतिक्रिया दिने, टिप्पणी गर्ने वा लेख्ने काम नगरौं,“ उनले भने, “तथ्य, प्रमाण र विवेकका आधारमा मात्रै निष्कर्षमा पुग्नुपर्छ।“ उनले सार्वजनिक रूपमा आएका सूचना वा घटनालाई भावनामा बगेर नभई राजनीतिक नेतृत्वले विवेकपूर्ण ढंगले मूल्याङ्कन गर्नुपर्नेमा जोड दिए। कुनै पनि विषयमा प्रतिक्रिया दिनुअघि त्यसको सत्यता पुष्टि गर्ने, आवश्यक जानकारी लिने र त्यसपछि मात्र धारणा सार्वजनिक गर्नुपर्ने उनको भनाइ थियो।

# मधेस र कोशी प्रदेशमा ड्रोनबाट सुरक्षा निगरानी

दैनिक समाचारदाता
काठमाडौँ १५ साउन। गृह मन्त्रालयले हिंसा फैलन नदिन मधेस प्रदेश र कोशी प्रदेशका विभिन्न जिल्लामा सुरक्षा निगरानी थप कडा पारिएको छ। विशेषगरी संवेदनशील क्षेत्रहरूमा ड्रोनमार्फत अनुगमनलाई तीव्र पारिएको गृह मन्त्रालयले जनाएको छ।

सुरक्षा निकायले सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुतामा खलल पुऱ्याउने, अफवाह फैलाउने वा कानुन विपरीत गतिविधिमा संलग्न जो-कोहीमाथि प्रमाणका आधारमा कानुनी कारबाही प्रक्रिया अघि बढाउने जनाएको छ।

प्रशासनले नागरिकलाई शान्ति, संयमता र सामाजिक सद्भाव कायम राख्न आग्रह गर्दै कुनै पनि भ्रामक सूचना वा उक्साहटमा नलाग्न अपिल गरेको छ। सुनसरीबाट सुरु भएको तनाव मधेसका जिल्लाहरूमा पनि देखिन थालेको छ। साउन १० यता सुनसरीमा २ र सिराहामा एक जनाको गोली लागी ज्यान गएको छ।

# धार्मिक अगुवाको अपिल : संयम अपनाऔँ, सद्भाव जोगाऔँ

दैनिक समाचारदाता
काठमाडौं, १५ साउन। सुनसरीलगायत विभिन्न जिल्लामा पछिल्ला केही दिनदेखि देखिएको तनावपूर्ण अवस्थाका बीच विभिन्न धार्मिक संगठनका अगुवाहरूले नागरिकलाई संयमित रहन तथा सामाजिक सद्भाव खलबल्याउने कुनै पनि गतिविधिमा संलग्न नहुन आग्रह गरेका छन्।

शुक्रबार सिंहदरबारमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँग भेटवार्तापछि विश्व हिन्दु महासंघ, अल सलाम सोसाइटी र जमिअत उलमा(ए(नेपालका प्रतिनिधिहरूले संयुक्त विज्ञप्ति जारी गर्दै धार्मिक सहिष्णुता, सामाजिक एकता र आपसी भाइचारा कायम राख्न सबै पक्षसँग अपिल गरेका हुन्।



संयुक्त विज्ञप्तिमा भनिएको छ, “विभिन्न स्वार्थ समूहले धर्मको नाममा हिंसात्मक गतिविधि फैलाउने प्रयास गरिरहेका बेला सम्पूर्ण नागरिकलाई संयमित रहन तथा उत्तेजनात्मक, घृणात्मक वा सामाजिक सद्भाव बिथोल्ने कुनै पनि गतिविधिमा संलग्न नहुन हार्दिक अपिल गर्दछौं।“

विज्ञप्तिमा विश्व हिन्दु महासंघका महासचिव रामचन्द्र तिवारी, सचिवालय सदस्य राजुराम फुयाँल, जमिअत उलमा(ए(नेपालका अध्यक्ष मोहम्मद खालिद सिद्दिकी तथा अल सलाम सोसाइटीका अध्यक्ष नजरुल हसन फलाहीको हस्ताक्षर रहेको छ। धार्मिक अगुवाहरूले सबै धर्मको मूल उद्देश्य मानव कल्याण, सहिष्णुताको प्रवर्द्धन, सामाजिक एकता र भाइचारालाई सुदृढ बनाउनु रहेको उल्लेख गर्दै कुनै पनि धर्मले विभेद, वैमनस्य वा उच(नीचको भावना स्वीकार नगर्ने स्पष्ट पारेका छन्।

उनीहरूले नेपालको सदीयौँदेखिको धार्मिक सहिष्णुता र सामाजिक सद्भावलाई कमजोर पार्ने गतिविधिप्रति सचेत रहन आग्रह गर्दै स्थानीय प्रशासन, सुरक्षा निकाय, राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम तथा सम्पूर्ण सरोकारवालालाई संवाद, सहकार्य र जिम्मेवार भूमिकामार्फत शान्ति, सुरक्षा र सामाजिक सद्भाव पुनःस्थापित गर्न सक्रिय योगदान दिन आह्वान गरेका छन्।


## विषालु च्याउ नखाऔँ: सुरक्षित रहौँ

- जङ्गली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं।
- अपरिचित च्याउ टिप्ने र खाने बानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्ततासम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएका खाद्य पदार्थ मात्र सेवन गरौं।
- विषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com



अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४